दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

वर्ष ३८ | अंक १२१ | बुटवल | २०८३ बैशाख १८ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday May 01, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रोल्पामा जीप दुर्घटना हुँदा २० को मृत्यु

रोल्पा । रोल्पाको थवाङस्थित जलजलामा जीप दुर्घटना हुँदा २० जनाको मृत्यु भएको छ।

थवाङ गाउँपालिका-१ जलजलामा रुकुमपूर्वबाट जलजलातर्फ जाँदै गरेको जीप भिरबाट करिब ८ सय मिटर तल खसेर दुर्घटना भएको हो।

प्रहरीले शुक्रबार साँझसम्म २० जनाको मृत्यु भएको र उद्धार कार्य जारी रहेको जनाएको छ।

लु १ ज ४१६७ नम्बरको बोलेरो जीप दुर्घटनामा परेको हो। जलजलामा बैशाख पूर्णिमाको अवसरमा लाग्ने मेलामा सहभागी हुनका लागि यात्रु बोकेको जीप दुर्घटना भएको हो।

## सहकारीसम्बन्धी अध्यादेश जारी

बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले सहकारीसम्बन्धी अध्यादेश जारी गरेका हुन्।

सरकारले गरेको सिफारिसको आधारमा राष्ट्रपति पौडेलले सहकारीसम्बन्धी अध्यादेश जारी गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जनाएका छन्।

संविधानको धारा ११४ को उपधारा १ बमोजिम सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ।

संवैधानिक परिषद्, केही नेपाल ऐन, स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय र सार्वजनिक पदाधिकारी पदमुक्तिसम्बन्धी अध्यादेश पनि राष्ट्रपतिसमक्ष पठाइएको थियो।

अन्य अध्यादेशहरूमाथि राष्ट्रपति पौडेलले संविधानविद्हरूसँग परामर्श लिँदैछन्।

## त्रिवि पदाधिकारीले दिए राजीनामा

बुटवल । त्रिविका पदाधिकारीहरूले कर्मचारीमार्फत् राजीनामा प्रधानमन्त्री कार्यालयमा पठाएका छन्। कुलपति एवं प्रधानमन्त्रीको निजी सचिव प्रदिप परियारको ह्वाट्सएपमा पनि पठाइएको छ।

'राजीनामा दिएका छौं। पत्र प्रधानमन्त्री कार्यालयमा पठाएका छौं।'-शिक्षाध्यक्ष प्राडा खड्ग केसीले भने।

त्रिविका उपकुलपति प्राडा दिपक अर्याल, शिक्षाध्यक्ष प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले राजीनामा दिएका हुन्।

नयाँ सरकारलाई काम गर्न सहजताको लागि मार्गप्रशस्त गरिएको तर्क उनीहरूले गरेका छन्।

उपकुलपति अर्याल केपी ओली प्रधानमन्त्री भएको बेला नियुक्त भएका थिए। प्राडा केशरजंग बरालले उपकुलपतिबाट राजीना दिएपछि अर्याल गत २०८२ असार २५ मा उपकुलपति बनेका थिए।

शिक्षाध्यक्ष केसी र रजिस्ट्रार रिजाल पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भएको बेला नियुक्त भएका थिए। तत्कालीन उपकुलपति बरालको सिफारिसमा रिजाल र केसीलाई २०८० चैत ३० मा तत्कालीन प्रधानमन्त्री प्रचण्डले नियुक्त गरेका थिए। त्रिवि पदाधिकारीको कार्यकाल ४ वर्षको हो।

तर दुई तिहाइ नजिकको मत ल्याएको रास्वपाले राजनीतिक नियुक्ति लिएकालाई मार्गप्रशस्त गर्न भनेको थियो। सरकारले अध्यादेश नै ल्याउन लागेपछि राजीनामा दिने निर्णमा त्रिवि पदाधिकारी पुगेका हुन्।

१४ बैशाखमा बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रपति पौडेललाई अध्यादेश सिफारिस गरेको हो। हाल अध्यादेश राष्ट्रपतिले अध्ययन गरिरहेका छन्।

# आन्दोलित हुन थाले सुकुम्वासीहरू

### बस्तीहरूमा डोजर लगाएर राज्य आंतक फैलाइएको भन्दै विना विकल्प उठिबास लगाउने कार्य बन्द गर्नुपर्ने मागसहित आन्दोलनको घोषणा गरेको हो।

**लुम्बिनी संवाददाता**
*बुटवल*




सरकारले विना विकल्प सुकुम्वासी र अव्यवस्थित बसोवासीको उठिबास लगाउन थालेको भन्दै सुकुम्वासीहरु आन्दोलित हुन थालेका छन्।

अखिल नेपाल सुकुम्वासी संघले आन्दोलनको घोषणा गरेको छ। बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै संघले विभिन्न सुकुम्वासी बस्तीहरूमा डोजर लगाएर राज्य आंतक फैलाइएको भन्दै विना विकल्प उठिबास लगाउने कार्य बन्द गर्नुपर्ने मागसहित आन्दोलनको घोषणा गरेको हो।

पहिलो चरणमा भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई गरेका वाचा स्मरण गर्न र जबरजस्ती उठिबास रोक्नका लागि सरोकारवाला सबैलाई आग्रह गरिने संघले जनाएको छ।

त्यस्तै आन्दोलनको दोश्रो चरणमा मेची-महाकाली राजमार्ग चक्काजाम गर्ने, जनताको हितमा काम नगर्ने प्रधानमन्त्रीलाई फिर्ता बोलाउन देशव्यापी हस्ताक्षर संकलन अभियान सुरु गर्ने संघले जानकारी दिएको छ।

संघका अध्यक्ष अमर परियारले जबरजस्ती नागरिकलाई उठिबास लगाउने कार्य भएकाले आन्दोलनको घोषणा गर्नुपरेको बताए।

शान्तिपूर्ण आन्दोलनबाट आफूहरुको माग सुनुवाइ नभए मेची-महाकाली राजमार्ग र सुकुम्वासी केन्द्रित क्षेत्र संघर्षसहित देशव्यापी अनिश्चितकालीन आम हड्ताल गर्ने चेतावनी संघले जनाएको छ।

यस्तै जेनजी अलाइन्स मुभमेन्टले बिहीबार माइतीघरमा प्रदर्शन गरेको छ। सुकुम्वासी बस्ती हटाएको विरोधमा प्रधानमन्त्री बालेन शाह र सरकारको विरोधमा प्रदर्शन गरिएको हो।

सर्वोच्च अदालत अगाडि प्रदर्शन गर्न पुगेको मुभमेन्टको टोलीलाई प्रहरीले रोकेपछि माइतीघरमा प्रदर्शन गरेको हुन्।

मानवअधिकारको संरक्षण गर, मलाई थाहा दे सरकार, लोकतन्त्रमाथि डोजर स्वीकार्य छैन, तीन दिनको बिदा सुकुम्वासी अलबिदा, जनता सडकमा, न्यायाधीश छुट्टिमा, बस्ती उठ्ने झ्याप झ्याप, न्यायाधीश चुपचापजस्ता नारा लेखिएका प्लेकार्ड बोकेर युवाहरु प्रदर्शनमा उत्रिएका थिए।

यस्तै बुटवल उप-महानगरपालिका-१७ अन्तर्गत मोतीपुर क्षेत्रमा लामो समयदेखि बसोबास गर्दै आएका स्थानीय बासिन्दाले बस्ती नहटाउन माग गरेका छन्। स्थानीयले प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेल, बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख दीपक आचार्य र बुटवल उप-महानगर प्रमुख खेलराज पाण्डेलाई ज्ञापनपत्र बुझाउँदै बस्ती नहटाउन माग गरेका हुन्। यसअघि औद्योगिक क्षेत्र व्यवस्थापनले स्थानीय बासिन्दासँग स्थानीयलाई विस्थापित नगर्ने र बसोबास नभएको खाली स्थानमा मात्रै औद्योगिक क्षेत्र स्थापना गर्ने सम्झौता भएको थियो। स्थानीय गीता पाण्डेले आफूहरू २०५७ सालदेखि उक्त क्षेत्रमा बसोबास गर्दै आएको बताइन्। आफूहरू कानुनी रूपमा बसोबास गर्दै आएको दाबी गर्दै सरकारी जग्गा अतिक्रमण गरेको आरोप अस्वीकार गरिन्। २०७०/०७२ सालतिर आफूहरूलाई जानकारी नदिई करिब ८१३ बिगाहा जग्गा औद्योगिक क्षेत्रका नाममा सारिएको उनको दाबी छ। त्यसयता विभिन्न सरकारलाई समस्या अवगत गराउँदै आएको र जग्गा फिर्ताको आश्वासन समेत पाएको उनीहरूको भनाइ छ। तर पछिल्लो समय कुनै पूर्व सूचना बिना बस्ती खाली गराउने तथा संरचना भत्काउने तयारी भइरहेको भन्दै स्थानीयहरू त्रसित बनेको स्थानीय गोमा पाण्डेले बताइन्। 'वास्तविक अवस्था नबुझी एकतर्फी निर्णय गर्दै बस्ती हटाउने प्रयास गरिएको छ, जुन अन्यायपूर्ण र अमानवीय छ।'-ज्ञापनपत्रमा उल्लेख छ। यस विषयमा बुटवल उप-महानगरपालिकाका मेयर खेलराज पाण्डेयले मोतीपुर औद्योगिक क्षेत्र रानीगञ्जको बस्तीलाई पूर्णरूपमा विस्थापित गर्नेभन्दा व्यवस्थित गर्ने पक्षमा नगरपालिका रहेको स्पष्ट पारे। उनका अनुसार औद्योगिक क्षेत्र निर्माणसँगै स्थानीय बासिन्दाको बसोबाससम्बन्धी अधिकारको मागलाई पनि सम्बोधन गर्ने गरी पहिले नै सहमति भएको उनले बताए। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले सोही सहमति कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ।

यस्तै जनकपुरमा बालेन शाह सरकारविरुद्ध प्रदर्शन भएको छ। गुठीको जग्गामा घर बनाएर बसोबास गरिरिरहेका स्थानीयहरूले बालेन सरकारले डोजर आतंक बढाएको भन्दै उनको राजीनामा समेत मागेका हुन्।

बालेन सरकारविरुद्ध उनीहरूले जनकपुरका विभिन्न भागमा प्रदर्शन गरेका हुन्। उनीहरूले आफू बसोबास गरिरहेको जग्गाको लालपुर्जा उपलब्ध गराउनुपर्ने माग गरेका छन्।

बालेन नेतृत्वको सरकारले जनकपुरको गुठीमा अतिक्रमित गरी बनाइएका घर टहराहरू भत्काउने हल्ला चलेपछि गुठी-कुटी भूमिहीन घरजग्गा व्यवस्थापन संघर्ष समितिको ब्यानर बोकेर उनीहरू सडकमा उत्रेका हुन्।

जनकपुरधाममा गुठीको करिब १० बिघा जग्गा अतिक्रमणमा परेको २०६२ सालमा गठन भएको भोजराज घिमिरे नेतृत्वको कार्यदलको प्रतिवेदनमा उल्लेख छ। उनीहरूले सुकुम्वासीलाई व्यवस्थापन नगरिकन डोजर आतंक नमच्चाउन सरकारसँग माग समेत गरेका छन्।

यसअघि दाङमा पनि सुकुम्वासीहरुले सरकारविरुद्ध नाराबाजी र प्रदर्शन गरेका थिए।

७७ वटै सीडीओ कार्यालयलाई सर्कुलर

सरकारले देशभरका अतिक्रमित जग्गामा बनेका संरचना हटाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा सर्कुलर जारी गरेको छ।

गृह मन्त्रालयले देशभरका प्रमुख जिल्ला अधिकारीहरूलाई पत्र पठाउँदै सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरूमा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी मन्त्रालयमा पठाउन पनि भनेको छ।

यसअघि चैत २० मै गृहले पत्रमार्फत् परिपत्र गरिएको थियो। बुधबार सचिवस्तरीय निर्णय गर्दै अतिक्रमण हटाउने कार्यका लागि सुरक्षा प्रबन्धलगायतका आवश्यक सहजीकरण गर्न अनुरोध गरिएको छ।

सरकारले अतिक्रमित संरचना हटाउने कार्यले तीव्रता दिइरहेको छ। शुक्रबारबाट काठमाडौंका सबै नदी किनारमा बनेका अतिक्रमित संरचना हटाइँदैछ।

बिहीबार काठमाडौंका ती क्षेत्रमा माइकिङ भइरहेको छ।

सरकारसँग विपक्षी दलको माग :

# सुपथ मूल्य पसल खोल, मल देऊ

**लुम्बिनी संवाददाता**
*बुटवल*

विपक्षी दलहरूले महँगी बढेको भन्दै सुपथ मूल्य पसल सञ्चालन गर्न सरकारसँग माग गरेका छन्। बिहीबार नेकपा एमाले राष्ट्रियसभा संसदीय दलको नेता प्रेमप्रसाद दंगालको अध्यतामा बसेको विपक्षी दलको बैठकले महँगी नियन्त्रण गर्न माग गरेको हो।

'दैनिक उपभोग्य बस्तुहरु दाल, चामल, तरकारी, फलफूल, मरमसला, तेलसमेत भान्सामा प्रयोग हुने अन्य खाद्य सामग्रीहरुको चरम मूल्य वृद्धि भएको छ। महँगीले आकाश छोएको छ,' बैठकको निर्णयमा भनिएको छ-'त्यसैले तत्काल महंगी र कालाबजारी नियन्त्रण गरी गरिब, मजदुर, किसान र सिमान्तकृत समुदायका लागि सार्वजनिक वितरण प्रणाली स्थापना गरी सुपथमूल्यका पसलहरु संचालन गर्न माग गर्दछौं।'

बैठकमा एमालेका दंगालसहित कांग्रेस संसदीय दलको प्रमुख सचेतक वासना थापा, नेकपाका प्रमुख सचेतक युवराज दुलालगायत सहभागी थिए।

विपक्षी तीन दलले वर्षाअघि नै रासायनिक मलको चाँजोपाँजो मिलाउन सरकारसँग माग गरेका छन्।

बैठकले अमेरिका-इरान द्वन्द्वका कारण थप अभाव हुने अवस्था रहेको भन्दै सरकार त्यसतर्फ गम्भीर हुनुपर्ने निष्कर्ष निकालेको हो।

'प्रत्येक वर्ष अभाव हुने रासायनिक मल यस वर्ष अमेरिका - इजरायल र इरानबीच भैरहेको युद्धका कारण थप अभाव हुने अवस्था सिर्जना भएको छ,' निर्णयमा भनिएको छ-'त्यसैले यो अवस्थातर्फ सरकार गम्भीर भई वर्षे सिजनका लागि आवश्यक पर्ने रासायनीक मलको चाँजोपाँजो समयमै मिलाउन माग गर्दछौं।'

**बजेट तयारीबारे बेवास्तामा आपत्ति**

विपक्षी तीन दलले सरकारले यतिबेला नीति तथा कार्यक्रम र बजेटको तयारी गरिरहँदा विपक्षी दललाई बेवास्ता गरेको भन्दै आपत्ति जनाएका छन्।

संयुक्त बैठकले सरकारले बेवास्ता गरेकोमा ध्यानाकर्षण भएको बताएको हो।

'यतिबेला नीति तथा कार्यक्रम र बजेट तयारीको कार्य चलिरहेको छ। तर तयारीको यो प्रक्रियामा विपक्ष दलहरुलाई पुरै वेवास्ता गरिएको छ,' बैठकको निर्णयमा भनिएको छ- 'त्यसैले नीति तथा कार्यक्रम र बजेट तयारीमा सम्बद्ध सबै पक्षका आवाज मुखरित हुने गरी पारदर्शी र लोकतान्त्रिक तरिका अवलम्बन गर्न जोडदार माग गर्दछौं।'

## सय रुपैयाँ बढीमा भन्सार अव्यवहारिक : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले एक सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार बुझाउनुपर्ने सरकारको निर्णय अव्यवहारिक भएको बताएका छन्। चुनावी क्षेत्र सर्लाही पुगेर फर्किएको बताउँदै उनले सरकारको नयाँ निर्णयले जनतालाई थप समस्या भएको बताएका हुन्।

कागजमा सीमित रहेको, तर हालै संघीय सरकारले कडाइका साथ लागू गर्न खोजेको '१०० रुपैयाँभन्दा बढीको सामानमा भन्सार बुझाउनुपर्ने' अव्यवहारिक आदेशले सीमा क्षेत्रका नागरिकको दैनिकी कति कष्टकर बनाएको छ भन्ने कुरा भुक्तभोगीलाई मात्र थाहा छ,' थापाले सामाजिक सञ्जालमार्फत् भनेका छन्-'त्यहाँ मैले केही यस्ता दृश्य र आवाजहरू सुनेँ, जसले राज्यको चरित्रमाथि नै प्रश्न उठाउँछन्।'

उनले स्थानीयले ज्यालादारी काम गर्न भारत गएर फर्किएका मजदुर बिस्कुटको एक प्याकेट लिएर आउँदा २ घण्टा सीमामा रोकिनुपरेको दुःख आफूले थाहा पाएको सुनाएका छन्। त्यस्तै उनले एक महिलाले भनेको भन्दै लेखेका छन्-'पहिला हामी सम्मानका साथ सीमा पार गर्थ्यौं, अहिले डरका साथ पार गर्छौं।'

» बाँकी ३ पेजमा



# सम्पादकीय

## लुम्बिनीलाई समृद्धिसँग जोडौँ

शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनी संसारभरका बौद्धमार्गीको मात्रै नभएर अहिंसा र शान्तिप्रेमीहरुको समेत आस्थाको केन्द्र हो। विश्व शान्तिको मुहान लुम्बिनीले संसार सामु हाम्रो शिर उचो भएको छ। लुम्बिनीकै कारण संसारभर नेपालको परिचय स्थापित भएको छ। लुम्बिनीको गरिमा र महत्वका धेरै विषयहरु छन्, जसले नेपालको परिचय र गौरव बढाएका छन्। लुम्बिनी हाम्रा लागि आर्थिक समृद्धिको आधार हो, तर किन हामी समृद्धिसँग जोड्न सकिरहेका छैनौं ?

लुम्बिनी गुरुयोजना सुरु भएको पाँच दशक भयो अझै गुरुयोजनाको काम पूरा हुन सकेको छैन। गुरुयोजनाको काम छिटो पूरा गर्न पछिल्ला वर्ष तत्परता देखिए पनि गुरुयोजना पूरा गर्नको लागि बजेट खर्च गर्न सक्ने क्षमताको विकास हुन सकेको छैन। लुम्बिनी विकास कोषको बजेट खर्च गर्न सक्ने क्षमता विकास बढाउन आवश्यक छ। पहिले बजेट भएन्, काम भएन अहिले बजेट आउँछ खर्च गर्न सक्ने प्रशासनिक क्षमता विस्तार भएन।

जापानी पुरातत्वविद् प्रो. केञ्जो टांगेले तयार गरेको गुरूयोजना पूरा गर्न जति आवश्यक छ। बृहत्तर लुम्बिनी क्षेत्रको विकासको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक छ। अब लुम्बिनीलाई केन्द्रविन्दु मानेर रूपन्देही, नवलपरासी र कपिलवस्तुका बौद्ध स्थलको संरक्षण, पूर्वाधार विकास र प्रवर्द्धन एकीकृत ढंगले गर्न आवश्यक छ। त्यसका लागि एशियाली विकास बैंकको ऋण सहयोगमा काम अघि बढाउने तयारी सरकारले गरेको छ।

लुम्बिनीलाई प्रदूषणबाट मुक्त पार्न सर्वोच्च अदालतले भदौ १ गते लुम्बिनीबाट १५ किमी क्षेत्रभित्रका उद्योगहरुलाई अन्यत्र सार्न परमादेश जारी गरेको छ। अदालतले दुई वर्षभित्र यहाँका उद्योगलाई अन्यत्र सार्न निर्देशन दिएकाले प्रदूषणले यहाँका सम्पदास्थल जोखिमबाट जोगाउन बल पुगेको छ। पहिले यहाँ उद्योग स्थापना गर्न दिएर राज्यले गल्ती गऱ्यो। अब अदालतको आदेश कार्यान्वयनमा चुनौती छ। नवलपरासी र कपिलवस्तुका सांस्कृतिक सम्पदा आसपास पनि उद्योग खोल्न स्वीकृति नदिने वातावरण बनाउन आवश्यक छ। अहिलेदेखि नै यहाँ उद्योग खोल्न स्वीकृति नदिने हो भने राज्यलाई अनावश्यक बोझ र तनाव हुँदैन। र, उद्योगीको लगानी डुब्ने जोखिम पनि हुन्न। राज्यको सम्पदा संरक्षणमा दीर्घकालीन नीतिको अभावले समस्या भएको छ।

लुम्बिनीलाई साँच्चै विकास गर्ने हो भने केञ्जो टांगेको गुरुयोजनालाई तलमाथि नगरी अघि बढाउन आवश्यक छ। विभिन्न विहारहरुले अनुमति विना बनाएका संरचनालाई भत्काउन आवश्यक छ। र, विगतमा मापदण्डविपरीत दिइएका अनुमतिलाई खारेज गर्न आवश्यक छ। विहार क्षेत्रलाई विदेशीहरुको प्रतिस्पर्धाको थलो होइन, आध्यात्मिक जागरणको थलोको रुपमा विकास गर्न प्रोत्साहन गर्नु उपयुक्त हुनेछ। सबैभन्दा महत्वपूर्ण विषय लुम्बिनीको विकासप्रति स्थानीय समुदायले अपनत्व लिनुपर्छ। अपनत्व लिने अवसर दिने काम लुम्बिनी विकास कोषले हो। समुदायले अपनत्व लिनका लागि स्थानीय सरकारलाई लुम्बिनीको विकासमा साझेदारको रुपमा सँगै हिंडाउनुपर्छ। लुम्बिनी विकास कोषप्रति स्थानीय नागरिकको असन्तुष्टि कुनै बेला बेग्लै रुपमा विष्फोट हुने जोखिमलाई ख्याल गर्नुपर्छ। मूलतः समुदायलाई सँगै हिंडाउन सक्दा मात्रै दीगो विकासको आशा गर्न सकिन्छ।

लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्न भैरहवामा गौतमबुद्ध विमानस्थल तयार भयो, तर उडान हुन सकेको छैन। अहिले विभिन्न बौद्धमार्गी मुलुकबाट दैनिक ठूलो संख्यामा पर्यटक आउनुपर्ने हो। तर अर्बौं लगानीको विमानस्थल सुनसान झैं छ। अर्बौं लगानीको लुम्बिनी नजिकको विमानस्थलमा किन बौद्धमार्गी पर्यटक ल्याउन सकिएन ? के गर्दा ल्याउन सकिन्छ ? यसबारेमा योजना बनाएर कार्यान्वयन गर्न ढिलाइ भयो।

बुद्ध जयन्तीका अवसरमा लुम्बिनीलाई समृद्धिसँग जोड्न पहलकदमीबारे चिन्तन गरौं। बुद्ध जयन्तीको सबैमा शुभकामना !

# गास–बास–कपास दे, नत्र सत्ता छोडि दे



विनबहादुर कुँवर

> यो सबै सुकुम्वासीहरु सदा यी सबैको खाली भोट बैंक मात्रै बन्नुको मूल कारण हो। त्यसैले अब जो कोही पनि यसरी खाली यिनीहरुको भोट बैंक मात्रै नबनी आ-आफ्नो हक हित र अधिकारको लागि एकजुट बनौ। विद्रोह गर्ने जनताको अधिकार हो। स्वयं माथि भने जस्तै संविधानले नै त्यो हक, हित र अधिकार सुनिश्चित गरेको छ। तै पनि यसका विरुद्ध यसरी जनतालाई गास, बास, कपास र रोजगारीविहीन बनाउने यो सरकारी रवैयाका विरुद्ध माथि भने जस्तै विद्रोह गर्नु सबैको बाध्यता र नैसर्गिक अधिकार नै हो।

गास, बास, कपास दे नत्र सत्ता छोडि दे' यो नेपालीको हरेक आन्दोलनमा उठाइने नारा हो। प्रशंग अहिले सुकुम्वासी उठिबास र दमनको छ। यसमा पनि वर्तमान बालेन सरकारको राजीनामा माग भइरहेको छ। प्रधानमन्त्री बालेन सरकार बनेको एक महिनाभित्रै देशका विभिन्न शहरहरुमा बसोबास गर्ने सुकुम्वासीहरुमाथि डोजर लगाई उठिबास गराउने काम भइरहेको छ। बालेनको यो डोजर आतंकले देशव्यापी छरिएर रहेका लाखौं सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुलाई न रातको निद्रा छ न दिनमा भोक नै छ। कहिले के हुने हो ? साराका सारा भयवित र आतंकित छन्। हिजो कांग्रेस-एमाले र माओवादीले समयमै लालपूर्जा नदिई वर्षौं वर्षसम्म झुलाई खाली भोट बैंक मात्रै बनाई आएका यी लाखौं जनताहरु एकाएक कांग्रेस, एमाले र माओवादीलाई छोडी घण्टी पार्टीमा जोडिन पुगे। रवि, बालेन हाई हाई कांग्रेस, एमाले, माओवादी सबलाई बाइबाई गराउँदै घण्टी पार्टीलाई अत्यधिक बहुमतका साथ यो गत निर्वाचनमा विजयी बनाउन पुगे। तर घण्टी पार्टी र बालेन शाह नेतृत्वको सरकार बनेको हप्ता दिन नहुँदै यिनीहरुलाई रवि, बालेनले डोजर आतंकको उपहार दिँदैछन्। आखिर ताप्केको माछा भुंग्रोमा। कांग्रेस, एमाले र माओवादी छोडी ठूलठूला चोक्टा खान भनी गएका अर्थात् चोक्टा खान गएको बुढी झोलमा डुबी मरी भने जस्तै भएको छ।

यो कुनै हाँसी मजाक खिसी टियुरी, जोक र घृणा, अपमान नभएर वास्तविकता हो। वर्गीय समाजमा हरेक कुरा वर्गीयतामा नै नापिन्छ। मुख्य बुझ्नु पर्ने कुरा यही थियो र छ। वर्गीय रुपमा नेपालका यी सबै दलहरुको राजनीति आर्थिक, सांस्कृतिक सबै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा प्रकार नै छ। त्यसमा पनि अझ घण्टी पार्टी र यसका नेताहरुको राजनीतिक आर्थिक र सामाजिक सबै चरित्र दलाल पुँजीपति प्रकारको छ। यी सबैको चाल चलन, बसाई, उठाई संगत सबै दलाल चरित्रको छ। स्वयं रवि, बालेनहरुको वास्तविक चरित्र यसभन्दा पहिले नै प्रकट भइसकेको थियो। रवि ठग फटाहा, बालेन सन्की र सामन्ती रविको तीन वर्षे संसद र सरकारी कार्यकर्ता त्यस्तै बालेनको काठमाडौं महानगरपालिकाको मेयर हुँदाको गतिविधि। रविले हजारौं सहकारी पीडित किसान मजदूरहरुको उठिबास र विचल्ली भने बालेनको हजारौं सुकुम्वासीहरुको उठिबास र विचल्ली पारेको यथार्थता जगजाहेर नै छ। तै पनि यो जेनजी आन्दोलनपछि कांग्रेस एमाले र माओवादी आदि राजनीतिक दलहरुप्रतिको जनअसन्तोष आक्रोश जानी बुझी फेरि यही घण्टी पार्टी र यसका नेताहरुप्रतिको यो राजनीतिक मोहकै कारण नै यो सब भएको हो। तर अहिले यी सबै सुकुम्वासी परिवारहरुको रुवाबासी छ। एउटी वृद्ध सुकुम्वासी आमाले विदेश गएको छोरालाई भन्दै गरेको भिडियो आवाज अहिले व्यापक भाइरल छ। 'घण्टीलाईं भोट दिनु नत्र म घर पनि आउन्न र घर खर्चको पैसा पनि पठाउन्न भन्दै थिइस। तर अहिले हामीलाई त्यसले घरको न घाटको बनायो।' त्यसैले म फेरि पनि भन्छु किन रुन्छस् मंगले आफ्नै ढंगले। पटकपटक यसरी जनताहरुलाई ठग्दै र दमन गर्दै गर्दा पनि जनतामा चेत नहुने अनि बल्ल अहिले आएर घण्टी पार्टी, घण्टी नेता रवि बालेनलाई सराप्नुको कुनै अर्थ छैन। आँची नै गरे बल्ल थात देखे भने जस्तै भएको छ, अहिले यी देशका लाखौं सुकुम्वासी र भूमिहीन किसान, मजदूरहरुलाई।

अहिले सबैलाई थाहा भइसक्यो घण्टी पार्टी र त्यसका नेता सबका सब सामन्त, दलाल र नोकरशाही बुर्जुवाहरुका सन्तानहरु हुन्। करोडौं र अरबौं सम्पत्तिका मालिक। स्वयं एउटा सामान्य भरियाको छोरा सुदन गुरुङ्गको त्यति अथाहा सम्पत्ति कसरी आर्जन भयो ? त्यस्तै बालेन शाह र अरु मन्त्रीहरुको सम्पत्तिको स्रोत के हो ? १९० तोला सुनको गहना पहिरिएर हिंड्ने श्रीमतीको पोई बालेन तराईको एक जमिनदार। यसबाट नै छर्लङ्ग हुन्छ कि यी सबको वर्गीय आधार के हो ? सामन्ती र दलाल बुर्जुवा इलिट वर्ग। अब यस्ताबाट देशका दुःखी, गरिब, किसान, मजदुर र सुकुम्वासीहरुप्रति के को दया, माया र न्याय ? त्यसैले यिनीहरुबाट जे हुनुपर्ने र गर्नुपर्ने थियो, अहिले त्यही भएको छ। यो कुनै नौलो र आश्चर्यको कुरा नै भएन। बरु समयमै हामीले यो बुझ्न सकेनौं ठूलो धोका र गद्दारी भयो भनेर पश्चाताप गर्नुको अर्को विकल्प नै नभएको बुझ्नु पर्नेछ, पहिले यी सबका सब नेपालका सुकुम्वासी जनताले।

भनिन्छ, जस्ता गुरुका त्यस्तै चेला। अहिले यी घण्टी पार्टीका मुख्य नेता रवि र बालेनका असली चेला सुधन गुरुङ्ग, दीपक शाह, विश्वराज पोखरेल, खगेन्द्र सुनार देशभित्र मात्रै होइन विश्वभरि नै चर्चामा छन्। मान्छे चर्चामा कि सुकर्मले आउँछ कि कुकर्मले। यी घण्टी पार्टीका धेरै जसो नेताहरु यस्तै कुकर्मले बढी चर्चामा आएका छन्। जस्तो रवि लामिछाने सहकारी रकम ठगी, अमेरिकी नागरिकता अनि नक्कली पासपोर्टको कारण बढी चर्चित बने भने बालेन शाह सिंहदरबार जलाई दिन्छु भनेर सुकुम्वासी बस्ती हटाएर कवाडीहरुलाई विस्थापित गराएर कांग्रेस, एमाले माओवादी साथै अमेरिका, भारत, चीन आदि सबैलाई फु हुन भनेर चर्चामा आएका छन्। ठीक माथि भने जस्तै जस्ता गुरुका त्यस्तै चेला दीपक शाह आफ्नी श्रीमतीलाई पहिले कमाउने संस्थाको हाकिम नियुक्ति गराएर, खगेन्द्र सुनार नेपालमा गाई काटेर खान पाउनुपर्छ अनि प्रहरी एसपीलाई घिसारे कारबाही गर्छु भनेर, त्यस्तै सुदन गुरुङ्ग भ्रष्टाचारी र विचौलिया दीपक भट्टसँग मिली सित्तैमा लाखौं रुपैयाँको शेयर मालिक बनेर।

अझ अहिले पूर्व नेपाल प्रहरीका एआइजी विश्व पोखरेल त एक विद्यालयका हेड मास्टरलाई जथानाम गाली गलौज र धम्काएर अति चर्चामा छन्। अरुले तपाईं भनु कि नभनुन् आफैं मपाई बनेर एउटा विद्यालयको प्र.अ.लाई आफ्नो स्वागतका लागि फूलमालासहित बाहिर गेटमा नआएको भन्दै थर्काएको त्यो भिडियो आवाज भन्नेलाई भन्दा हामी जस्ता लाखौं सुन्नेलाई अत्यन्त लाज श्रम अर्थात् गर्नेलाई भन्दा देख्नेलाई लाज। वर्षौंदेखि सलोट र सलामीमा बाँचेका दाँस मानसिकता भएकाहरुका लागि एकाएक सांसद बन्दा यस्ताको खुट्टा नै थातमा नै छैनन्। सबैले आफूलाई सलोट नै गरुन् भन्ने मानसिकता छ। नपाउनेले केरा पायो बोक्रैसित खायो भनेको यही हो। एउटा विद्यालयका आदरणीय गुरुलाई त त्यसरी भन्ने र थर्काउनेहरुले अनि अब विचरा देशका ती गरिब सिधासाधा घरबारविहीन मजदुर, किसान र सुकुम्वासीहरुलाई मान्ने र सम्मान गर्ने, उनीहरुको गास, बास, कपासको ग्यारेन्टी गर्ने त प्रश्नै आउँदैन, यी त सबै नालीमा बस्ने फोहरी किराहरु मात्र हुन् जे गर्दा पनि हुन्छ भन्ने मानसिकतामा छन्, रवि, बालेनहरु। भन्न त चुनावी सभामा रविले यदि कसैले सुकुम्वासी बस्तीमा डोजर लगाउन आउँछ भने पहिले मैले झाँती थापेर प्रतिकार गर्छु। तर फेरि यो भनेको महिना दिन नपुग्दै आफ्नै पार्टीका प्रधानमन्त्रीले डोजर लगाई त्यहाँका सुकुम्वासीलाई उठिबास लगाइरहँदा कथित श्रद्देय महान नेता रवि लामिछाने के हेरिबसिरहेका छन् ? ठगको धन्दा ठगी गर्ने नै हो। मान्छेलाई भ्रम पार्ने, झुटो बकवास गर्ने, जसरी हुन्छ मान्छेलाई भ्रम जालमा पारी आफ्नो स्वार्थपूर्ति गर्ने ठग जालीहरुको धन्दा नै हो। त्यसैले रविले हिजो जे भने र अहिले जे गर्दैछन् त्यो कुनै अनौठो नै भएन। वर्षौंसम्म पञ्चे, कांग्रेस, एमाले र माओवादीहरुले जनतालाई त्यसैगरी ठगे अब ठगिखाने पालो घण्टी पार्टी र घण्टी पार्टीका नेता रवि-बालेनहरुको हो।

यो सुकुम्वासी समस्या अहिलेको मात्रै नभएर २००७ सालदेखिकै हो। स्वयं नेकपाको स्थापनापछि २००६ साल अर्थात् १५ सेप्टेम्बर १९४९ प्रकाशित पहिलो घोषणा पत्रमा भनिएको थियो- 'विना मुआब्जा जमिनदारी प्रथा र सबै खाले सामन्ती शोषणको उन्मूलन र जोताहाहरुलाई जमिनको वितरण गर्नु, ग्रामीण ऋण खतम गर्नु, कृषि मजदुरलाई जीवनयोग्य ज्याला।' त्यसमा उल्लेख एउटा नारा किसानहरुलाई उल्लेख गर्दै भनिएको छ-'पहाड पर्वत, खोलानाला, जग्गाजमिन सबको मालिक हामी, तर दास बन्यौं किन ? हिस्सा सबका सब समान।' ठीक यो अहिले ७७ वर्षपछि पनि यो देशमा सामन्ती र जमिनदारी प्रथा छ। किसान, मजदुर, सुकुम्वासी सबै ठगिएकै छन्। त्यस्तै अहिलेको चालु संविधानमा उल्लेखित भाग लिन मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३६ र ३७ अन्तर्गत पहिलोमा 'प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ' अर्थात् गासको ग्यारेन्टी त्यस्तै अर्कोमा 'प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ' अर्थात् कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन।' यो बासको ग्यारेन्टी। त्यस्तै संविधानको धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। यो रोजगारीको ग्यारेन्टी। तर संविधान यो हुँदाहुँदै पनि यी सामन्ती, दलाल र नोकरशाही बुर्जुवा विदेशबाट पालित पोषित बेलायती कुकुरहरुलाई यसमा के मतलब ? मालिकको आदेश जे छ त्यही गर्छन्।

अहिले यसरी सुकुम्वासीहरुलाई विना विकल्प घर न घाटको बेवारिसे बनाउने यो प्रक्रियामा घण्टी ग्याङ मात्रै होइन, स्वयं कांग्रेस, एमाले र माओवादीका स्थानीय निकायका पदाधिकारीहरुले पनि साथ दिइरहेका छन्। हिजो आफूहरुले त्यस्ता सुकुम्वासीहरुलाई साथ दिँदै आए पनि अहिले घण्टी ग्याङलाई साथ दिएको भन्दै त्यसको बदलामा उल्टै उनीहरुलाई उठिबास लगाउनमा साथ दिइरहेका छन्। वास्तवमा वर्गीय रुपमा यी सबैको वर्गीय आधार नै एउटै हो। खाली फरक पार्टी, व्यक्ति र प्रवृत्तिको मात्रै हो। जुन रुप र प्रवृत्ति अहिले कांग्रेस, एमाले र माओवादीका स्थानीय निकायहरुले देखाउन थालेका छन्। यो सबै सुकुम्वासीहरु सदा यी सबैको खाली भोट बैंक मात्रै बन्नुको मूल कारण हो। त्यसैले अब जो कोही पनि यसरी खाली यिनीहरुको भोट बैंक मात्रै नबनी आ-आफ्नो हक हित र अधिकारको लागि एकजुट बनौं। विद्रोह गर्ने जनताको अधिकार हो। स्वयं माथि भने जस्तै संविधानले नै त्यो हक, हित र अधिकार सुनिश्चित गरेको छ। तै पनि यसका विरुद्ध यसरी जनतालाई गास, बास, कपास र रोजगारीविहीन बनाउने यो सरकारी रवैयाका विरुद्ध माथि भने जस्तै विद्रोह गर्नु सबैको बाध्यता र नैसर्गिक अधिकार नै हो। यसरी यो वर्तमान सरकार खाली सुकुम्वासीहरुका विरुद्ध मात्रै होइन सबै तह र तप्काका जनसमुदायहरुप्रति पनि जाई लाग्न थालेको छ। किसान, मजदुर, शिक्षक, विद्यार्थी, कर्मचारीहरुका आ-आफ्ना जनवर्गीय संगठनहरुको खारेजीको घोषणा गरिसकेको छ। यो सबै वर्तमान चुनावी विजयको उन्मात, निरंकुशता र अधिनाकयत्वको थालनीको उपज र अभ्यास हो।

### सन्दर्भ विश्व मजदुर दिवसः

# हराउँदै गएको श्रम सम्मान र शिक्षा



डा.तारानाथ भट्टराई

हाम्रो श्रमको के मूल्य छ र यहाँ ? यो देशमा पसिनाको सम्माननै छैन। हाम्रो श्रमको अलिकतिपनि सम्मान हुने भए, कसलाई रहर छ र अरुको देशमा पसिना बगाउने ? कृषि पेशा गरी घरमा गाईं भैसी पाल्नेको भन्दा कुकुर पाल्नेको इज्जत हुने, आफ्नो काम आफैले गर्नेको भन्दा अर्काको छोरा/छोरीलाई काम कज्याउने को बढी इज्जत हुने, इत्यादि जस्ता हाम्रो समाजमा ब्याप्त यी यर्थाथ प्रवृत्तिहरु समाज विकासका प्रमुख बाधकहरु मध्ये रहेको मानिन्छ।

'श्रम विना कुनै पनि कुराको विकास सम्भव हुँदैन।' दार्शनिक सोफेकेलेसको यो पंक्तिले श्रमको महत्व प्रष्ट पारेको छ। हरेक सीप विकासको सुरुवात श्रमसँगै हुन्छ भन्ने आशय विश्वविख्यात दार्शनिक जोन डिवेको रहेको छ। त्यसैरी श्रम विना समाज अगाडि बढ्न नसक्ने तथा श्रमले नै समाज संरचनाको विकासको निमित्त शान्तिपूर्ण क्रान्ति अगाडि बढाउने दाबी महात्मा गान्धीले गरेका छन्। कार्ल मार्क्सले श्रमलाई समाजमा आमूल परिवर्तन गरी पूनःसंरचनाको मार्गमा अगाडि बढाउने कारक तत्वको रुपमा ठोकुवा गरेका छन्। अब्राहम लिङ्कनले कुनै पनि व्यक्ति तथा समाजलाई आत्मनिर्भर तथा स्वतन्त्र बनाउने एकमात्र आधारको रुपमा श्रम नै भएको कुरा दाबी गरेका छन्। दार्शनिक कन्फ्यूसियसले श्रम अर्थात मेहनत मानिसको अपरिहार्य सद्‌गुण हुनुपर्नेमा जोड दिएका छन्। यसरी उल्लेखित अभिव्यक्तिहरुका आधारमा भन्न सकिन्छ कि श्रम अर्थात मेहनत नै हरेक विकास तथा परिवर्तनको आधार हो। व्यक्ति, परिवार, समाज, समुदाय, राष्ट्र तथा समग्र विश्वको परिवर्तन सुधार तथा विकासको निमित्त श्रमको आवश्यकता पर्दछ। श्रम विना कुनै पनि सकारात्मक प्रकृया अगाडी बढ्न सक्दैन। अतः जुन व्यक्ति, परिवार तथा समाजमा श्रम वा मेहनत गर्ने परिपाटी हुन्छ, त्यहाँ विकास तथा परिवर्तन हुन्छ, अन्यथा त्यो यथास्थिति मै रहन्छ। यसरी श्रमको मात्रा ले नै विकासको गति निधारण गर्दछ। कुनै पनि देश छिटो वा ढिलो विकसित हुनुमा त्यस देशका मानिसहरुले गर्ने श्रम र श्रम प्रतिको दृष्टिकोणले ठूलो भूमिका खेलेको देखिन्छ।

श्रम प्रतिको दृष्टिकोण समाजमा व्याप्त संस्कृतिबाट प्रभावति हुन्छ र त्यसले श्रमको मूल्याङ्कनलाई प्रत्यक्ष्य प्रभाव पारेको हुन्छ। समाजमा व्याप्त प्रत्येक पेशा, व्यावशाय तथा कार्यहरु श्रमसँग जोडिएका हुन्छन् र उक्त पेशा तथा कार्यहरुलाई हेर्ने दृष्टिकोण समाज अनुसार फरक पर्दछ जसको मुख्य कारण समाजमा विद्यमान संस्कृति (जुन धर्मसँग पनि जोडिएको हुन्छ) हो भन्ने आशय कार्ल मार्क्स को रहेको छ। कुनै पनि पेशा अथवा कामलाई सानो वा ठूलो, राम्रो वा नराम्रो उच्चस्तरको वा निम्नस्तरको भनि निर्धारण गर्नमा विद्यमान समाजमा व्याप्त संस्कृतिको ठूलो भूमिका हुन्छ। अतः कुनै पनि समाजमा श्रमको कति सम्मान गरिन्छ भन्ने कुरा त्यस समाजमा व्याप्त संस्कृतिले निर्धारण गर्दछ। मूलतः हिन्दु धर्मद्वारा निर्देशित हाम्रो संस्कृतिमा परम्परादेखि नै उच्च तथा निम्न जात वा वर्णका आधारमा पेशा तथा कार्य विभाजन र सोही अनुरुपको दृष्टिकोण निर्धारण भई अझसम्म पनि त्यसको प्रभाव रही रहेको पाइन्छ भन्ने धारणा शिक्षाविद् विद्यानाथ कोइरालाको रहेको छ। उदाहरणको लागि सुकिलो कपडा लगाई कुर्सीमा बसेर गरिने पेशा तथा कार्यहरुलाई उच्च सम्मान दिइनेतर खेतवारी, भवन निर्माण कलकारखाना इत्यादि जस्ता पेशा तथा कामहरुलाई निम्न दृष्टिकोणले हेरिने यथार्थ हाम्रो समाजमा विद्यमान छ। सामान्यतया यदि कसैले सजिलो खालको कार्य गर्दछ भने त्यसलाई राम्रो पेशा मानिन्छ तर अप्ठयारो अर्थात् शारीरिक श्रम बढी प्रयोग हुने कार्य गर्दछ भने त्यसलाई नराम्रो मानिने साँघुरो दृष्टिकोण अझ पनि हाम्रो समाजमा व्याप्त छ। कुनै पनि व्यक्तिसँग पहिलो पटक भेट हुँदा उसले के काम गर्दछ भन्ने प्रश्न हाम्रो समाजमा मुख्य चासोको विषय मानिन्छ। अनि उसले गर्ने काम तथा पेशाको आधारमा उ प्रतिको दृष्टिकोण तथा सम्मानको तह निर्धारण गरिन्छ। तर उसले उक्त काम कसरी गर्छ ? कति मिहनेत तथा इमान्दारिताका साथ गर्छ भन्ने कुराको त्यति चासो राखिन्न। मानौ कुनै सार्वजनिक स्थलमा बाटो खन्ने कार्य भइरहेको छ, मरिमरि पसिना चुहाई बाटो खन्नेहरुलाई भन्दा त्यहाँका कथित नाइकेहरु जो अनावश्यक गफ गरेर बसिरहेका हुन्छन्, तिनीहरुलाई नै ठूला मान्छेको दर्जा दिइन्छ, सम्मान गरिन्छ। जसले गर्दा पसिनाको मूल्य नगन्य हुनजान्छ। फलःस्वरुप सबैलाई नेता बन्ने होडबाजी, कुर्सीमा बस्ने तछाडमछाड को परिपाटीको विकास हुनजान्छ। मेहनत गर्ने परिपाटी निरुत्साहित भई ठगी तथा भ्रष्टचारी मौलाउँदै जान्छ। उत्पादनशिलतामा काम आउँछ, विकासको गति कमजोर हुँदैजान्छ। हाम्रो समाज यही कुसंस्कृतिले ग्रसित छ, त्यसैले विकासमा पछाडि छ। तर विकसित समाजको संस्कृतिले यस्तो भन्दैन। पश्चिमेली विद्वान इडविनले दाबीका साथ भनेका छन् की तपाईंको श्रमको सम्मान तपाईंले के काम गर्नुहुन्छ ? मा होइन, तपाईंले त्यो काम कसरी गर्नुहुन्छ ? मा हुन्छ। यसबाट स्पष्ट हुन्छकी श्रमको मूल्याङ्कन कुनै पनि व्यक्तिको कार्यशैली, इमान्दारिता, कार्यदक्षता तथा प्रभावकारिताका आधारमा गरिनु पर्दछ। यसरी हेर्दा श्रमको सम्मान भनेको त मेहनेतको सम्मान हो। पसिनाको सम्मान हो। इमान्दारिताको सम्मान हो। कार्यदक्षता, प्रभावकारिता अथवा सीपको सम्मान हो।

कुनै पनि काम सानो हुँदैन, जुनसुकै काम जसले मानव र मानवताको हित गर्छ, त्यसको समान महत्व हुन्छ र त्यसलाई सधैँ सम्मान गरिनु पर्दछ भनि मार्टिन लुथर कींङ्ग जुनियरले ठोकुवा गरेका छन्। विकसित देशहरुमा तपाईं के काम गर्नुहुन्छ ? भन्ने प्रश्न सोधिंदैन बरु तपाईं कुन ठाउँमा काम गर्नुहुन्छ ? कति घण्टा काम गर्नुहुन्छ ? भनेर सोधिन्छ। यसले हाम्रो र उनीहरुको पेशाा प्रतिको दृष्टिकोणमा स्पष्ट भिन्नता देखाउँछ। फलानोले के पेशा /के नोकरी गर्छ ? यो हाम्रो चासो हो, अनि संस्कति हो। यसैबाट हामी प्रशिक्षित छौं। त्यसैले यो हाम्रो शिक्षा पनि हो। फलानोले कति इमान्दारिता र प्रभावकारिताका साथ काम गर्छ ? यो प्रश्न हाम्रो संस्कृतिमा गौण देखिन्छ।

तुलनात्मक रुपमा हेर्दा विकसित देशहरु र हाम्रो समाजमा श्रम प्रतिको दृष्टिकोणमा ठूलो भिन्नता देखिन्छ। उदाहरणको लागी अमेरिकामा भवन निर्माण, विद्युत् तथा धारा जडान मर्मत, घर पेन्टीङ्ग, ढल सरसफाइ इत्यादि जस्तो शारीरिक श्रमजन्य कार्यहरुलाई अरु सामान्य कार्य (जस्तै पसलमा सामान वेच्ने, निरीक्षण गर्ने) भन्दा दशगुणासम्म बढी परिश्रमिक दिइन्छ। यसको अर्थ जत्ति बढी श्रम, त्यत्ति नै सम्मान भन्ने बुझिन्छ। तसर्थ अमेरिकामा यस्ता कामहरु प्राप्त गर्न सामान्य व्यक्तिहरुमा तछाडमछाडको परिस्थिति सृजना भएको पाइन्छ। यस्ता कामदारहरुको आम्दानी बढी हुने भएकोले जीवनस्तर तथा जीवन शैली आकर्षक हुन्छ। तर हाम्रो समाजमा यसको ठीक उल्टो परिस्थिति व्याप्त छ। सकी नसकी पसीना बगाई उच्च शरीरिक जोखिम मोलेर काम गर्नेहरुको परिश्रमिक नगन्य हुन्छ, साथै उनीहरुलाई सामान्यतया समाजले हेर्ने दृष्टिकोण पनि निम्न हुन्छ, जीवनस्तर पनि कठिन हुन्छ।

» बाँकी ३ पेजमा

# पायोनिअर विद्यालय गण्डकीकै उत्कृष्ट




स्याङ्जा। स्याङ्जाको वालिङमा सञ्चालित पायोनिअर एजुकेसन एकेडेमी (मावि) गण्डकी प्रदेशमा नै उत्कृष्ट भएको छ। प्राविधिक शिक्षाअन्तर्गत हेल्थ असिस्टेन्ट विषयमा पायोनिअर विद्यालय गण्डकी प्रदेशमै उत्कृष्ट भएको हो।

गएको भदौमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले सञ्चालन गरेको परीक्षामा ३२ जनामध्ये ३१ जना उत्तीर्ण भएका विद्यालयका प्रधानाध्यापक मेघराज गैह्रेले जानकारी दिए। प्रतिशतका आधारमा झण्डै ९७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको उनले जनाए।

उत्कृष्ट नतिजाले शैक्षिक गुणस्तर, वातावरण र प्राविधिक शिक्षाप्रति विद्यालयको मिहिनेतलाई प्रमाणित गरेको गैह्रेले सुनाए। २०४४ सालमा स्थानीय शिक्षाप्रेमीको अगुवाइमा स्थापना भएको पायोनिअर एजुकेसन एकेडेमीले २०५४ सालदेखि व्यावसायिक तथा प्राविधिक शिक्षाको विधिवत रुपमा पठनपाठन गर्दै आएको छ।

पछिल्लो समय प्राविधिक शिक्षातर्फ विद्यार्थीका आकर्षण बढिरहेको विद्यालका प्राविधिक शिक्षा कार्यक्रम प्रमुख हिमनिधि पंगेनीले बताए। समयसापेक्ष आवश्यकताअनुसार शैक्षिक कार्यक्रम विस्तार गर्दै आएको संस्थाले गत वर्षदेखि हेल्थ असिस्टेन्ट (एच.ए.) को कक्षा सञ्चालनमा ल्याएको प्रमुख पंगेनीले जानकारी दिए।

स्थानीय विद्यार्थी तथा अभिभावकहरूको मागलाई मध्यनजर गरेर पछिल्लो समय हेल्थ असिस्टेन्टको पढाइ सुरु गरिएको विद्यालयले जनाएको छ।

प्राविधिक शिक्षातर्फ स्याङ्जासहित पाल्पा, गुल्मी र पर्वत जिल्लाका विद्यार्थीहरुले विद्यालयमा प्राविधिक शिक्षा पढ्दै आएका छन्।

पछिल्लो नतिजाअनुसार विद्यालय गण्डकी प्रदेशमा पहिलो र नेपालमा नै दोस्रो भएको विद्यालयको दाबी छ। स्याङ्जा जिल्लामा पहिलो पटक प्राविधिक शिक्षा पठनपाठन सुरु गरेको झण्डै ३० वर्ष पुगेको विद्यालयले जनाएको छ। ३० वर्षको अवधिमा प्राविधिक क्षेत्रका हजारौं विद्यार्थीले अध्ययन गरेको जनाइएको छ।

# ८० जना स्वास्थ्य स्वयम्सेविकाहरूलाई साइकल



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूलाई साइकल वितरण गरिएको छ।

रामग्राम नगरपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूलाई साइकल वितरण गरिएको हो।

महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूलाई गाउँ घरमा सेवामा सहज पुगोस् उदेश्यले साइकल वितरण गरिएको रामग्राम नगरपालिका प्रमुख प्रशासकीय अधिकृत भुपेन्द्र पाण्डेले जानकारी दिए। महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूलाई रामग्राम नगरपालिका नगरप्रमुख धनपत यादव तथा नगर उप-प्रमुख सम्झना चौधरीले साइकल वितरण गरेका हुन्।

साइकल वितरण गर्दै नगरप्रमुख यादवले महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूलाई सामुदायमा स्वास्थ्य सेवा छिटो छरितो र गुणस्तर दिने भन्दै उनीहरूको गुनासो सम्बोधन गरिएको बताए। उनले नगरपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूलाई दिने सेवा सुविधामा कुनै पनि कान्जुस्याइ नगरेको बताए।

स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्रोत्सहान गर्दै जाने नगर उप-प्रमुख सम्झाना चौधरीले बताइन्।

महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूलाई ८० वटा साइकल वितरण गरिएको नगरपालिका स्वास्थ्य शाखाका स्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिए।

# एक्काइस महिना देखाएर समापन गरियो हनुमान नाच

गलकोट। नेवारी समुदायमा संरक्षित तीन सय वर्ष पुरानो हनुमान नाच २१ महिनापछि विधिवत् रूपमा समापन गरिएको छ। यहाँको तीन सय वर्षको जीवन्त इतिहास बोकेको हनुमान नाच नौ वर्षपछि विसं २०८१ भदौ ११ गते शुभारम्भ गरिएको थियो।

उक्त नाच १९ पटक देखाएर बागलुङ बजारको हनुमान पौवामा पुगेर मङ्गलबार समापन गरिएको र आगामी तीन वर्षपछि देखाउने योजना बनाएको हनुमान नाच संरक्षण परिषद्का अध्यक्ष तीर्थप्रसाद श्रेष्ठले जानकारी दिए।

गालामा अनेकथरी रङ्ग पोतिएको, शिरमा श्रीराम लेखिएको रातो पट्टि, शरीरको माथिल्लो भागमा रातो र तल्लो भागमा सेतो पहिरन, पछाडि पुच्छर जोडेर हनुमान जस्तै देखिने १३ जोडी युवा विभिन्न १० तालमा नाच्दै हिँड्ने परम्परा यहाँका नेवार समुदायले करिब तीन सय वर्षदेखि बचाउँदै आएका छन्।

नाचको बीचबीचमा हनुमानहरूलाई वीर चढ्ने दृश्यले सबैलाई मोहित बनाउने गरेको छ। उनीहरू अचेत जस्तै बनेर हल्लिन्छन्। नाचमा सहभागी पुजारीले पूजाविधिका कारण हनुमानहरूलाई वीर चढ्ने (लाग्ने) गरेको बताइन्छ।

यसपटक पनि विगतमा जस्तै दुई/दुई जनाको जोडी बनाएर सङ्गीतको तालमा नाच्न १९ पटकमा ४२ युवाको सहभागिता रहेको थियो। शुभारम्भ, समापन, बागलुङ महोत्सव, बसपार्क उद्घाटन र अतिथि स्वागत, गलकोटमा देखाइएको नाचसँगै १४ वटा टोल पूजा सम्पन्न गरिएका छ।

मल्ल राजाको पालामा भक्तपुरबाट सुरु गरेको 'हनुमान नाच' बागलुङका नेवार समुदायले संरक्षण गरेर देखाउँदै आएका छन्। कोरोनालगायत कारण नौ वर्षमा देखाइएको नाच २१ महिनामा १९ पटक देखाएर समापन गरी बागलुङ बजारको हनुमान पौवामा हनुमानको मूर्ति बागलुङ बजार परिक्रमा गरी पुनः प्रतिस्थापन गरिएको छ।

खर्चिलो नाचका रूपमा रहेको यो नाच व्यवस्थापनमै कठिन भएपछि तीन वर्षमा देखाइने नाच विस्तारै पाँच वर्ष, सात वर्ष र हाल नौ वर्षमा मनाउन थालिएको हनुमान नाचका प्रधानकजी ईश्वरप्रसाद मलेपतीले जानकारी दिए।

उक्त नाच रामायण कथामा आधारित रहेको छ।

भक्तपुरका नेवार समुदाय विसं. १७६८ मा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएसँगै हनुमान नाच नाच्न थालिएको इतिहास पाइन्छ। बीचमा हराएको नाचले २०१३ सालदेखि निरन्तरता पाउन थालेको मलेपतीले बताए।

नाच बागलुङ नगरपालिका-३ नारायणचोकको भीमसेन मन्दिरभित्र नास्योध्योलाई पूजा गरेर हनुमान पौवामा गएर हुनमानको पूजा गरेपछि विधिवत् रूपमा हनुमान नाच शुभारम्भ हुने गर्दछ। विसं. २०८१ भदौ ११ गते नारायणचोकबाट नौ वर्षपछि सुरु भएको हनुमान नाच किनाराटोल, राधाकृष्ण टोल, धौलागिरि चोक, आवारोड, सृजना टोल, गलकोट हुँदै कालिका मन्दिरसहित शुभारम्भ र समापनसहित १९ स्थानमा देखाइएको छ।

हनुमान नाच समापन समारोहमा बागलुङ नगरपालिका प्रमुख वसन्तकुमार श्रेष्ठले बागलुङको पहिचानसँग हनुमान नाच जोडिएको बताए। कार्यक्रममा हनुमान नाचमा सहभागी कलाकार, वाद्यवादक, प्रधानकजी तथा कजीलाई सम्मान गरिएको थियो।

# 'पञ्चकन्या रूपन्देही सुपरलिग' मा 'ए' डिभिजनका खेलहरू




भैरहवा। यस सिजनको 'पञ्चकन्या रुपन्देही सुपरलिग'को दोस्रो चरणमा 'ए' डिभिजनका खेलहरु आजदेखि भैरहवामा सञ्चालन हुने भएका छन्। यसअघि सुपरलिगको पहिलो चरणमा 'बी' डिभिजनका खेलहरु गत चैत १७ देखि ३० गतेसम्म सञ्चालन भएका थिए।

रुपन्देहीमा रहेका १२ वटा 'ए' डिभिजनका क्रिकेट टिमको सहभागिता रहने उक्त प्रतियोगितालाई 'पञ्चकन्या रुपन्देही सुपरलिग' नामाकरण गरिएको छ। आयोजक संस्था रुपन्देही क्रिकेट संघले बिहीबार भैरहवामा पत्रकार सम्मेलन गर्दै उक्त प्रतियोगिता जेठ ९ गतेसम्म सञ्चालन हुने जानकारी दिएको हो।

प्रतियोगिता सञ्चालनका लागि मुख्य प्रायोजक रहेको पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहु र रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाबिच बिहीबार 'टाइटल स्पोन्सर'का लागि सम्झौता पत्रमा हस्ताक्षर समेत भएको छ।

पञ्चकन्या समूहका महाप्रबन्धक साहुले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा सहकार्य गर्ने क्रममा यस प्रतियोगितालाई साथ दिएको बताए। 'पञ्चकन्या समूहले समाजमा खेलकुदको विकासमा योगदान पुर्‍याउन सहयोग गर्ने उद्देश्य राखेको हो', साहुले भने-'नेपाको क्रिकेटको विकासमा रुपन्देही क्रिकेट संघको महत्वपूर्ण योगदान रहेकाले सहकार्य गरेका हौं।' यसबाट आफूहरु उत्साहित रहेको उनले जनाए।

प्रतियोगितामा 'ए' र 'बी' डिभिजनको खेल सञ्चालन गर्न १५ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजक संस्थाको छ। संघका अध्यक्ष थापाले अन्तर्राष्ट्रिय जगतमा नेपाल अब क्रिकेटको माध्यमबाट पनि परिचित हुन थालिसकेको जनाए। 'रुपन्देहीमा क्रिकेट खेलको बढ्दो लोकप्रियता र गतिबिधिका कारण प्रतियोगिता सञ्चालन गर्न आर्थिक स्रोत जुटाउन सहज हुँदै जान थालेको छ', थापाले भने-'ठूला ठूला क्रिकेट प्रतियोगिता सञ्चालन गर्न रुपन्देही क्रिकेट संघ आफैं सक्षम हुँदै गएको छ।' रुपन्देहीको क्रिकेट विकासमा पञ्चकन्या समूहको योगदान अविस्मरणीय रहेको उनले जनाए।

नेपाल क्रिकेट संघका निवर्तमान कार्यबाहक सचिव एवं रुपन्देही क्रिकेट संघका पूर्वअध्यक्ष प्रशान्तविक्रम मल्लले ५० ओभरमा 'ए' र 'बी' डिभिजनका खेलहरु सञ्चालन गर्ने रुपन्देही पहिलो जिल्ला भएको बताए। तीन दशकदेखि जिल्लास्तरमा निरन्तर हुने प्रतियोगिताको एतिहासिक महत्व रहेको बताउँदै मल्लले यसले खेलाडी उत्पादनमा महत्वपूर्ण टेवा पुर्‍याइरहेको सुनाए।

संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीका अनुसार प्रतियोगिताको विजेता टिमलाई १ लाख १ रुपैयाँ नगदका साथै ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने छ। प्रतियोगितामा उपबिजेताले ५० हजार १ रुपैयाँका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छ।

यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट व्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पुरस्कार प्राप्त गर्ने छन्। प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता पुरस्कार र बिके ज्वेलर्सले उप-बिजेता पुरष्कारको प्रायोजन गरेका छन्। यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघ, टोल स्टार होलिडे, स्थानीय खेलप्रेमी रबिकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन्।

प्रतियोगितामा वेष्टर्न क्रिकेट क्लब, बुद्ध क्रिकेट क्लब, तिलोत्तमा क्रिकेट क्लब, जितगढी रोगल क्रिकेट क्लब, मेलवर्न क्रिकेट क्लब, लुम्बिनी खुकुरी क्लब, देवदह क्रिकेट क्लब, तिरुपति क्रिकेट क्लब, न्यू होराइजन क्रिकेट क्लब र बुटवल राइनोज क्रिकेट क्लबको सहभागिता रहने प्रतियोगितका संयोजक पराजुलीले बताए। जसमध्ये बुद्ध र देवदह यसअघि सम्पन्न 'बी' डिभिजनको प्रतियोगिताबाट बढुवा भएर 'ए' डिभिजनमा उक्लिएका क्लब हुन्।

**सुपथ...**

सीमा क्षेत्रले भोगिरहेको यो असहजताको गह्रौं भारी मसँगै फर्कँदैछ।'

उनले यसबारे कानुन विगतमै बनेको स्वीकार्दै अव्यवहारिक भएको बताएका छन्। सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार लिने नीति नागरिक मैत्री नभएको उनको भनाइ छ। यो नीति हेपाह र मधेशको दैनिकीमा लागेको घाउ भएको थापाको भनाइ छ।

'यो नागरिकमैत्री नीति हुँदै होइन, यो एक प्रकारको 'हेपाहा नीति' हो। यो मधेसको दैनिकीमा लागेको घाउ हो। नियमित आवतजावतलाई शङ्कामा बदलिएको छ र नागरिक सम्मानलाई अपमानित तुल्याइएको छ। स्वयम् भन्सार विभागले स्वीकार गरेको छ कि यसबाट उल्लेखनीय राजस्व उठ्दैन,' उनले थप भनेका छन्-'त्यसो भए यो दुःख आखिर किन र कसका लागि ?'

थापाले राज्यले मधेशका हरेक भन्सामा अवरोध खडा गरेको बताएका छन्। 'राज्यले मधेशका हरेक भान्सामा अवरोध खडा गरेको छ। यसको मार महिला, विद्यार्थी, किसान र श्रमिक वर्गमाथि परेको छ।'- उनले भनेका छन्।

उनले सीमामा पहिलेजस्तो सहजता सुनिश्चित गर्न सरकारसँग माग गरेका छन्। 'यो अव्यवहारिक निर्णय तत्काल फिर्ता लिइयोस्।

सीमामा पहिले जस्तो सहजता थियो, त्यसलाई कम्तीमा सुनिश्चित गरियोस्,' थापाले भनेका छन्-'सीमान्त क्षेत्रहरू राष्ट्रका किनारा मात्र होइनन्; ती अर्थतन्त्र, संस्कृति र विश्वासका जीवित सङ्गम हुन्। जब नीतिले यो संवेदनशीलता बिर्सन्छ, त्यसले देशका सीमामा उभिएर देश सम्हाल्ने नागरिकहरूलाई नै सजाय दिन्छ।'

**हराउँदै ...**

तर दिनभर खुट्टा हल्लाएर हस्ताक्षर गर्ने तथा तोक लगाउने र पाएसम्म घुस खानेहरुको पारिश्रमिक तथा सम्मान बढी हुन्छ। जीवनशैली आरामदायी हुन्छ। जसले गर्दा परिश्रम गर्नेहरुमा नैराश्यता तथा हिनताको भावना पैदा हुन गई विदेश पलायन हुने क्रम बड्दै गएको यथार्थ स्पष्ट देख्न सकिन्छ। अर्कोतर्फ विकसीत देशमा मानौ कुनै एउटा होटलमा म्यानेजरदेखि लिएर क्लिनरसम्म सबैलाई आ-आफ्नो काममा उत्तिकै समान महत्व तथा जिम्मेवारी प्रदान गरिनु, समान व्यवहार गरिनु र उत्तिकै सम्मानपूर्ण दृष्टिकोणले हेरिनुले गर्दा नेपालमा त्यही पेशा तथा नोकरी गर्न हिचकिचाउनेहरु विदेशमा गई त्यही कार्य आत्म सम्मानका साथ गरिरहेको तीतो यथार्थ छलङ्ग देख्न सकिन्छ।

शिक्षा र संस्कृतिलाई एक अर्काका परिपूरक मानिन्छ। संस्कृति मुल्यमान्यता तथा दृष्टिकोणको समग्र रुप हो। संस्कृतिले परम्परा, धर्म, रितिरिवाज इत्यादीसम्बन्धी विचारहरु बोकेको हुन्छ। शिक्षालाई संस्कृतिको संवाहकको रुपमा लिइन्छ। प्रत्येक समाजको शिक्षाले त्यहाको संस्कृति बोकेको हुन्छ। संस्कृतिले शिक्षाको ढाँचा निर्माण गरेको हुन्छ भने शिक्षाले चेतनाको माध्यमद्वारा संस्कृतिको सुधार तथा पुनर्निर्माण गर्दछ। अर्थात् संस्कृतिले शिक्षालाई प्रभावित गरेको हुन्छ भने शिक्षाले संस्कृतिको विकास गर्नमा ठूलो योगदान पुऱ्याएको हुन्छ। ठूलो भएपछि कि त डाक्टर कि त इञ्जिनियर बन्नु पर्दछ भनेर एकोहोरो रुपमा बालबबालिकालाई रटाइने संस्कृति हामीमा अझैं व्याप्त छ। डाक्टर इञ्जिनियर इत्यादि बाहेक अरु त पेशा नै होइनन् भन्ने संस्कृति बोकेको हाम्रो शिक्षाले विद्यार्थी तथा अभिभावकमा एक खालको विकृति थोपरेको पाइन्छ। व्यक्तिगत क्षमता, रुची तथा आवश्यकताहरुलाई एकातिर पन्छाएर डाक्टर, इञ्जिनियर बन्ने बनाउने होडबाजीले अस्वस्थ प्रतिष्पर्धा, शिक्षामा व्यापारीकरण र भ्रष्टाचार निम्ताएको यथार्थलाई नकार्न सकिंदैन। यसको सबभन्दा घातक पक्ष त अन्य पेशाा प्रति निम्न दृष्टिकोणको विकास भई व्यवसायिक सीपमूलक, कृषिजन्य र घरेलु व्यवसाय तथा पेशाहरु ओझेलमा परेका छन्।

अर्कातर्फ हिन्दु परम्परा बोकेको हाम्रो संस्कृतिले कथित उच्च र निम्न जात तथा वर्णका आधारमा पेशा विभाजन गरिदिएकोले कुनै पनि पेशालाई हेर्ने दृष्टिकोणमा भिन्नता सृजना गरी धेरै हदसम्म कुनै पनि काम तथा पेशालाई ठूलो तथा सानोको संकुचित घेरामा राखेको अवस्था अझै पनि समाजमा व्याप्त देखिन्छ। कुनै एक ब्राम्हणको पैसावाल छोरोले मरेका र मारिएका जनावरहरुकोछाला जम्मा गरेर व्यवस्थित रुपमा प्रशोधन गरीस्तरीय छाला उत्पादन गरी अन्य मुलुकमा निर्यात गर्ने सोंच किन गर्दैन ? यो सोंचलाई कुन कुराले रोकेको छ ? यस्तो सोंचको विकास हाम्रो समाजमा कहिले होला ? यी प्रश्नहरुको जवाफदेहीतामा हाम्रो संस्कति र शिक्षा दुवैको जिम्मेवारिता देखिन्छ। परम्परादेखि नै कडा परिश्रम प्रयोग हुने र जोखीमपूर्ण पेशा तथा कामहरु कथित तल्लो जातिको भागमा जन्मजात रुपमा पर्नु, उनीहरुको कामलाई तुक्ष्य दृष्टिकोणले हेरिनुमा सर्वप्रथम हाम्रो संस्कृति जिम्मेवार छ, त्यसपछि परम्परा, अन्धविश्वास, अव्यवहारिकता र अवैज्ञानिकता बोकेको हाम्रो शिक्षा जिम्मेवार देखिन्छ। जुन पेशा अथवा काममा बढी पसिना बगाउनु पर्दछ, त्यही पेशालाई अपमान तथा हेला गर्नु भनेको त सिधैं श्रमको अपमान गर्नु हो।

श्रमको अपमान गर्नु भनेको सीप विकास तथा व्यवसायिकतालाई निरुत्साहित गर्नु हो, उत्पादनमा कमी ल्याउनु हो। विकासको गतिलाई घटाउनु हो। जापान, चीन अमेरिका जस्ता देशहरुमा उच्च विकास हुनुको मुलभूल श्रेय त्यहाको जनशक्तिलाई मानिन्छ। अमेरिकाका प्रशिद्ध कुटनीतिज्ञ ग्रोभर क्लेभल्याण्डका अनुसार 'अमेरिकाको समृद्धिको मुल मर्म भनेको साँचो श्रमको पहिचान तथा सम्मानद्वारा इमान्दारिताका साथ पसिना बगाउनेहरुको आत्मसम्मानको वृद्धि गर्ने हुनुपर्दछ' भनि उल्लेख गरेको पाइन्छ। त्यसैगरी 'जापनको जन, त्यहाँको धन' भन्ने प्रचलित भनाइले पनि मेहनेत गर्ने परिपाटीको सम्मान गरेको पाइन्छ। त्यस्तै चीनको सन्दर्भमा हेर्ने हो भने १९४९ मा चीन स्वतन्त्र भएपश्चात् अन्धविश्वासी संस्कृतिमा पूर्ण रुपमा बन्देज लगाई परिश्रममा विश्वास गर्ने, कामदारलाई सम्मान गर्ने श्रमको आदर गर्ने कुराहरुलाई शिक्षाको मूल उद्देश्यमा समाहित गरी कडाइका साथ कार्यान्वयनमा ल्याएको पाइन्छ। तर हाम्रो देशको शिक्षा आफैंमा परम्परावादी, अव्यवहारिक अवैज्ञानिक तथा सिद्धान्तमुखी भएकोले अन्ध विश्वासबाट ग्रसित संस्कृतिलाई परिवर्तन र परिमार्जन गर्न नसकेको अवस्था देखिन्छ। तसर्थ शिक्षालाई वैज्ञानिक, कार्यमूलक र उत्पादन मुखी बनाउन सकिएमा कार्य अर्थात् काममा विश्वास गर्ने परिपाटीको विकास भई समाजमा मेहेनत तथा श्रम गर्ने र श्रमलाई सम्मान गर्ने परिपाटीको विकास हुन गई उत्पादन मुखी क्रियाकलापहरुद्वारा समाजको तथा सम्पूर्ण राष्ट्रको विकासले गति लिने कुरामा दुईमत नहोला।

वैज्ञानिक तथा व्यवहारिक शिक्षाको माध्यमद्वारा हरेक पेशालाई सम्मानित बनाउन तालिमको व्यवस्था गर्नु, उपयुक्त नीति नियम निर्धारण गर्नु, लाइसेन्सको व्यवस्था गर्नु, बालबालिकालाई कार्यस्थलमा लगि प्रत्यक्ष्य सहभागी गराई प्रयोगात्मक कक्षा सञ्चालन गर्नु जस्ता रणनीतिहरु अपनाएमा श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास भई उत्पादनमुखी र विकासमुखी समाजको स्थापना हुने थियो की ?

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

# ‘एमआरपी कार्यान्वयन अव्यवहारिक’




बुटवल । उद्योग व्यापार संघ बुटवलले आयातित वस्तुमा अधिकतम खुद्रा मूल्य एमआरपी अनिवार्य गर्ने सरकारी निर्णय कार्यान्वयनमा व्यावहारिक कठिनाइ हुने जनाएको छ ।

संघका अध्यक्ष लोकनाथ पन्थी र महासचिव विजय आचार्यद्वारा जारी प्रेस विज्ञप्तिमा बजार पारदर्शिता र उपभोक्ता अधिकार संरक्षणका लागि ल्याइएको उक्त व्यवस्थालाई सकारात्मक रूपमा लिइएको उल्लेख छ । तर, तत्काल कार्यान्वयन गर्दा व्यवसायीहरू समस्यामा पर्ने संघको भनाइ छ ।

विज्ञप्तिअनुसार तेस्रो मुलुकबाट आयात हुने वस्तुहरू नेपाल आइपुग्न ३० दिनदेखि ४ महिनासम्म लाग्ने भएकाले धेरै सामान सूचना जारी हुनुअघि नै ढुवानीमा रहेका छन् । यस्तो अवस्थामा नयाँ व्यवस्था लागू गर्दा सामान भन्सारमै रोकिने, जरिवाना तिर्नुपर्ने र आर्थिक क्षति व्यहोर्नुपर्ने जोखिम रहेको संघले जनाएको छ ।

संघले अन्तर्राष्ट्रिय उत्पादकसँग नेपालका लागि छुट्टै एमआरपि छाप्न समय लाग्ने भएकाले १५ दिनको समयसीमा अपर्याप्त भएको पनि उल्लेख गरेको छ ।

व्यवसायीहरू कानुन पालना गर्न प्रतिबद्ध रहेको जनाउँदै संघले सूचना जारी हुनुअघि आयात भइसकेका वा बाटोमा रहेका वस्तुका लागि निश्चित ‘ट्रान्जिसन पिरियड’ दिन सरकारसँग माग गरेको छ । साथै, आगामी आर्थिक वर्षदेखि पूर्ण रूपमा लागू हुने गरी कार्यतालिका परिमार्जन गर्नुपर्ने माग पनि संघले राखेको छ ।

संघले व्यवसायीहरूको लगानी सुरक्षित राख्दै बजारमा वस्तुको आपूर्ति सहज बनाउन सरकारबाट आवश्यक सहजीकरण हुने अपेक्षा व्यक्त गरेको छ ।

यस्तै रुपन्देही व्यापार संघको आयोजनामा व्यावसायीहरुसँग सम्बन्धित विभिन्न विषयमा केन्द्रित भएर वृहत अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बिहीबार संघको सचिवालयमा भएको कार्यक्रममा उपस्थित व्यावसायीहरुले राजस्व, भन्सार, बैंक तथा वित्तिय क्षेत्र एवं सरकारले पछिल्लो समय ल्याएको एमआरपी नीतिका तत्कालै कार्यान्वयन गर्नका लागि पूर्णतया अव्यवहारिक रहेको कुरामा जोड दिएका थिए । यस्ता विषयले औद्योगिक वस्तु (जस्तै कच्चा पदार्थ, मेशिनरी, औजार) तथा पेटिसेवल वस्तु (जस्तै फलफूल, तरकारी) यो कसरी सम्भव छ भनी प्रश्न गरेका थिए ।

उनीहरुले स्टक रहेको सामान, पसलसम्म आइपर्ने लागत तथा फरक फरक प्रकृतिका वस्तुमा यो लागु गर्न असम्भव रहेकोले सरकारले व्यावसायीहरुलाई जबर्जस्त कार्यान्वयनका लागि आतंकित बनाउन नहुने धारणा राखेका थिए ।

कार्यक्रममा संघका अध्यक्ष प्रकाश ढकालले मुलुकको अर्थतन्त्रको विकासमा व्यावसायीहरुको ठूलो भूमिका रहेको उल्लेख गर्दै राज्यले नयाँ-नयाँ नीतिहरु ल्याउँदा व्यावसायीलाई सहज हुने गरी बनाउनुपर्नेमा जोड दिएका थिए ।

लुम्बिनी प्रदेश चेम्बर अफ कमर्सका अध्यक्ष टंकप्रसाद पोखरेलले राज्यले आर्थिक वर्षमा ल्याउने नीति तथा कार्यक्रम बजेट तथा आर्थिक ऐन समेत बनाउने हुदा व्यावसायीहरुलाई सहज रुपमा कार्यान्वयन गर्ने गरी यस्ता विषयलाई व्यावहारिक रुपमा बनाउनुपर्ने बताएका थिए । राज्यको अर्थतन्त्रलाई सवल र सक्षम बनाउनका लागि निजी क्षेत्रको ठूलो भूमिका रहने उल्लेख गर्दै पोखरेलले सरकारले निजी क्षेत्रसँग हरेक कुरामा समन्वय र सहजीकरण गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक भैरहवाका निर्देशक रमेश आचार्य, भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेल, राजस्व अनुसन्धान कार्यालय बुटवलका प्रमुख अनुन्धान अधिकृत राधेश्याम दाहाल, आन्तरिक राजस्व कार्यालय बुटवलका प्रमुख कर अधिकृत हरि बस्याल, आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत प्रेमराज पोखरेल, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवाकी कार्यालय प्रमुख धर्मा अर्याल बेल्वासे, संघका अध्यक्ष प्रकाश ढकाल, वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारी, महासचिव प्रकाशराज पौडेलले आआफ्ना धारणा राखेका थिए ।

यस्तै बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले अधिकतम खुद्रा मूल्य (एम.आर.पी.) सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि स्पष्टता, समय तथा समन्वयको आवश्यकतामा जोड दिएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जारी गरेको सूचनाअनुसार विदेशबाट पैठारी गरी नेपालमा बिक्री वितरण गरिने सम्पूर्ण वस्तुमा अनिवार्य रूपमा एमआरपी उल्लेख गर्नुपर्ने व्यवस्था लागू गरिएको छ ।

तर संघले यस निर्णयप्रति ध्यानाकर्षण गराउँदै व्यवहारिक कार्यान्वयनमा समस्या देखिएको बताएको हो ।

संघले बिहीबार प्रेस विज्ञप्ति जारी गरेर तेस्रो मुलुकबाट आयात हुने मालवस्तु नेपाल आइपुग्न सामान्यतया ३० देखि १५० दिन लाग्ने र सूचना जारी भएको छोटो समयभित्र एमआरपी कार्यान्वयन गर्न कठिन हुने जानकारी गराएको छ । साना बजार, सीमित व्यवसायिक क्षमता तथा नियामक निकायबीच समन्वयको कमीका कारण व्यवसायीहरू अन्योलमा परेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

संघका कार्यवाहक अध्यक्ष (उद्योग उपाध्यक्ष) सुरज भट्टराईद्वारा जारी विज्ञप्तिमा एमआरपी कार्यान्वयन उपभोक्ताको हितमा भए पनि तत्कालै लागू गर्दा बजारमा असहजता सिर्जना हुने भएकाले क्रमिक रूपमा लागू गर्न सुझाव दिइएको छ । साथै सम्बन्धित निकायहरूबिच आवश्यक समन्वय गरी स्पष्ट मार्गनिर्देशन दिन र पर्याप्त समय उपलब्ध गराउन आग्रह गरिएको छ ।

संघले भन्सार नाकामा आइपुगेका तथा बाटोमै रहेका सामानका हकमा आगामी आर्थिक वर्षको बजेटमार्फत् समाधान खोजी हाललाई भन्सार जाँचपास सहज बनाइदिन समेत सरकारसँग अनुरोध गरेको छ ।

# पार्टीलाई एकताबद्ध बनाउन संस्थापन इतरको माग



बुटवल । नेपाली कांग्रेसको संस्थापनइतर समूहले विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वले पार्टीको सम्पूर्ण पार्टीपंक्तिको सम्मानजनक सहभागितामा १५औं महाधिवेशन गराउन असम्भव रहेको निष्कर्ष निकालेको छ ।

धुम्बाराहीस्थित होटल स्मार्टमा दुई दिनसम्म चलेको संस्थापनइतर समूहको भेलाले पार्टीको वर्तमान नेतृत्वले सम्पूर्ण पार्टीपंक्तिको सम्मानजनक सहभागितामा १५औं महाधिवेशन गराउन असम्भव रहेको निष्कर्ष निकालेको हो ।

निर्वमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा सम्पन्न दुई दिने भेलाको निष्कर्ष सार्वजनिक गर्न बिहीबार जारी प्रेस विज्ञप्तिमा एकताको महाधिवेशनका लागि सहर्मातमा साझा सरचनाहरूको आवश्यकता हुने ठहर गरिएको छ ।

‘एकपक्षीय महाधिवेशन प्रतिनिनिधिहरूको मात्र सहभागितामा भएको तथाकथित विशेष महाधिवेशनवाट चयन भएको नेतृत्वले अब हुने १५औं महाधिवेशनमा सम्पूर्ण पार्टी पंक्तिको सम्मानजनक सहभागिता गराउने र उक्त महाधिवेशनवाट निष्पक्ष निर्वाचन हुने कुरा असम्भव भएकोले पार्टीको वृहत्तर एकताको महाधिवेशनका लागि सहर्मातमा साझा सरचनाहरूको आवश्यकता हुने ठहर गर्दै सम्बन्धित सबैको ध्यानाकर्षण गर्दछौं ।’- विज्ञप्तिमा भनिएको छ ।

पार्टी एकता र सुदृढ एवं सवल कांग्रेस निर्माणका लागि सिंगो कांग्रेसको सहभागिता हुने गरी १४औं महाधिवेशनवाट संशोधन गरिएको विधानबमोजिम सबै तहमा पार्टी एकताको अभियान कार्यक्रम सञ्चालन गर्नु पर्ने इतर समूहको माग छ ।

विधानको व्यवस्थाअनुसार पार्टी छोडेका, अनुशासनको कारबाहीमा परेका, मृत्यु भएका वा आफ्नै स्वेच्छाले सदस्यता त्याग गर्न चाहेका व्यक्तिहरूको सदस्यता सूचि अध्यावधिक गर्नु र कुनै विशेष कारणले नवीकरण गर्न छुटेका वा निर्वाचन पछि पनि पार्टीमा आउन चाहने व्यक्तिहरूलाई क्रियाशील सदस्यता प्रदान गर्नु पर्ने कारणले सदस्यता नवीकरण र वितरण गर्नुलाई इतर समूहले स्वभाविक भनेको छ ।

पार्टीको निर्णयानुसार १५औं महाधिवेशनको कार्यतालिका बमोजिम क्रियाशील सदस्यता नवीकरण तथा वितरण कार्य लगभग सम्पन्न भइसकेको अवस्थामा अध्यावधिकको नाममा पूर्वाग्रही ढंगले स्थापनाकालको इतिहास र लोकतन्त्रको क्रान्ति, सघर्ष र आन्दोलनका योद्दाहरूको जीवनसँग जोडिएको क्रियाशील सदस्यता खारेज गरेर अन्य कुनै नाममा नवीकरण गर्नु सरासर गलत र बदनीयतपूर्ण भएको विज्ञप्तिमा उल्लेख छ ।

‘त्यस्ता कार्य नगर्न नगराउन पार्टीका सबै तहका जिम्मेवार साथीहरूमा अपील गर्दछौं ।’- निवर्तमान कार्यवाहक सभापति खड्काद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

उनले नेतृत्वलाई कांग्रेसले नागरिकका वैयक्तिक स्वतन्त्रता, राजनीतिक स्वतन्त्रतासहितको वाक स्वतन्त्रताका लागि गर्दै आएको संघर्ष स्मरण गराएका छन् ।

नेता खड्काले पार्टीका विभिन्न नेताहरूमाथि अभिव्यक्ति दिएकै आधारमा पूर्वाग्रह साँधेर अनुशासनको नाममा स्पष्टीकरण सोध्ने, उनीहरू माथि कारबाहीको डण्डा चलाउने कार्य भइरहेको भन्दै आपत्ति जनाएका छन् । उनले निरंकुश प्रवृत्ति तत्काल रोक्न र आगामी दिनमा नदोहोऱ्याउन नेतृत्वको ध्यानाकर्षण पनि गराएका छन् ।

आमनिर्वाचनको पूर्वसन्ध्यामा जबरजस्ती एक पक्षीय ढंगले पार्टीको विशेष महाधिवेशन गराउनु नै वर्तमान विवादको कारण भएको इतर समूहको निष्कर्ष छ । २१ फागुनमा सम्पन्न निर्वाचनमा व्यहोर्नु परेको पराजयको मुख्य जिम्मेवार विशेष महाधिवेशनको आयोजना र अगुवाइ गर्ने नेताहरू नै भएको उक्त समूहको ठहर छ ।

इतर समूहले एकताबद्ध सिंगो, सुदृढ र बलियो कांग्रेसले मात्रै अन्य दलहरू र राष्ट्रवादी शक्तिहरूसँग संवाद, सहर्मात र सहकार्य गर्दै राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, नार्गारिक अधिकारको रक्षा एवव् संघीय समावेशी लोकतान्त्रिक गणतन्त्र नेपालको रक्षा गर्न सक्ने ठहर गर्दै पार्टीको वृहत्तर एकताका लागि आह्वान पनि गरेको छ ।

भेलाले प्रभावकारी बजार अनुगमन गरी मूल्य नियन्त्रण गर्नुका साथै इन्धनलगायतका अत्यावश्यक वस्तुमा विशेष छुट, अनुदान र राहतको नीतिगत निर्णय गरेर आमजनताको दैनिक जीवन सहज बनाउन सरकारसँग माग पनि गरेको छ ।

निवर्तमान कार्यवाहक सभापति खड्काको आह्वानमा सम्पन्न दुई दिने भेलामा निवर्तमान सभापति शेरबहादुर देउवाको समूहबाट १४औं महाधिवेशनमा निर्वाचित भएका केन्द्रीय सदस्यहरू, जिल्ला सभापतिहरू र क्षेत्रीय सभापतिहरू सहभागी थिए ।

# सिँचाइका ९४ प्रतिशत योजना निर्माणमा

**प्रकाश डोटेल**
*स्याङ्जा*



जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्याङ्जाका झण्डै ९४ प्रतिशत योजना सम्झौता भएर निर्माणका क्रममा रहेका छन् । चालु आर्थिक वर्ष २०८२/८३ का कुल एक सय ४३ योजनामध्ये ९४ दशमलब ४० प्रतिशत अर्थात १ सय ३५ योजना निर्माणको क्रममा रहेका हुन् ।

पछिल्लो तथ्याङ्कअनुसार ९४ प्रतिशतभन्दा बढी योजना निर्माणको क्रममा रहेकै समयमा ८ वटा योजनाहरु सम्झौता हुन सकेको छैन ।

१८ करोड ८७ लाख ५० हजार बराबर बजेटका एक सय ४३ कुल योजनामध्ये करिब ७६ लाखका ८ वटा योजनाहरु सम्झौता हुन सकेको कार्यालयले जनाएको छ ।

कम्तिमा ५ लाखदेखि बढीमा दुई करोडसम्मका योजनाहरु कार्यान्वयनमा जाँदा ५ लाखदेखि २० लाखसम्मका ८ वटा योजनाहरु कार्यान्वयनमा जान नसकेको डिभिजन कार्यालयका डिभिजन प्रमुख किरण आचार्यले बताए ।

‘सकेसम्म सबै योजना निर्माण गर्ने तयारी गर्दागर्दै केही योजना सम्झौता हुन सकेनन्,’ उनले भने-‘८ वटा योजना सम्झौता हुन नसक्दा ७६ लाख बजेट अलपत्र परेको छ ।’

सम्झौता हुन नसकेका ठूला योजनामा बाडखोला नदी नियन्त्रण २० लाख, घाकुर तल्लो माथिल्लो कुलो निर्माण ११ लाख, विना इन्धन पानी तान्ने पम्प सञ्चालन १० लाख, ग्रिन भिलेज लिफ्टिङ् सिँचाइ योजना १० लाख र बैडाको कुलो निर्माणमा १० लाख रहेका छन् । सानो बजेटतर्फ मरेन्दा सिँचाई योजना, बान्द्रे कुलो निर्माण र बुके पोखरी संरक्षणका ५/५ लाख बजेटका योजना सम्झौता हुन नसकेको कार्यालयले जनाएको छ ।

‘कार्यालयका सबै योजनाहरु निर्माण गर्ने गरी आन्तरिक तयारी गरेका थियौं,’ डिभिजन कार्यालयका इञ्जिनियर सुनिल केसीले भने-‘स्थानीय उपभोक्ता समयमै सम्पर्कमा नआउँदा योजनाहरु सम्झौता हुन सकेन् ।’

कतिपय उपभोक्ताले बजेट सानो भएको गुनासो गरेका छन् भने कतिपयले उक्त बजेटबाट तोकिएको काम गर्न नसकिने जनाएको इञ्जिनियर केसीले जानकारी दिए ।

उता कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ९ महिना (साउनदेखि चैत्रसम्म) को अवधिमा कुल २० करोड १५ लाख बजेटको झण्डै ४४ प्रतिशत रकम खर्च गरेको जनाएको छ । चालुतर्फको झण्डै ५५ प्रतिशत रकम खर्च गरेको कार्यालयले पुँजीगततर्फ करिब ४३ प्रतिशत रकम खर्च गरेको जनाएको हो ।

कुल बजेटमध्ये चालु शीर्षकमा विनियोजित एक करोड २७ लाख ५० हजारमध्ये ५५ प्रतिशत अर्थात ७० लाख २२ हजार खर्च भएको जनाइएको छ ।

कार्यालयले दिएको जानकारी अनुसार १८ करोड ८७ लाख ५० हजारको पुँजीगत बजेटमा ४३ दशलमब ४९ प्रतिशतले हुने ८ करोड २१ लाख एक हजार खर्च भएको छ ।

जिल्लामा खासगरी ठूला पूर्वाधारका विकास निर्माण गर्ने कार्यालयमध्ये सिँचाइ कार्यालयको खर्चलाई तुलनात्मक रुपमा सन्तोषजनक मानिएको छ ।

पूर्वाधार विकासको जिम्मेवारी पाएका पूर्वाधार विकास कार्यालयको २६ प्रतिशत मात्रै पुँजीगत खर्च हुँदा खानेपानी तथा सरसफाई डिभिजनको ३० प्रतिशत वित्तीय प्रगति देखिदा सिँचाइ डिभिजनतर्फको ४३ प्रतिशतभन्दा बढी पुँजीगत खर्चलाई कोष तथा नियन्त्रण कार्यालयले सन्तोषजनक भनेको छ ।

# तिनाउ खोलामा ३ दशमलव ४४ मेगावाटको हाइड्रोपावर बन्ने



बुटवल । भिजन लुम्बिनी लिमिटेडले तिनाउ खोलामा ३ दशमलव ४४ मेगावाटको नमः बुद्ध हाइड्रोपावर बनाउने भएको छ ।

पाल्पाको तिनाउ गाउँपालिका झुम्सामा बन्ने आयोजनाको ७० करोड लागतमा अनुमान छ । आयोजना १५ महिनामा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने भिजन लुम्बिनीले बिहीबार बुटवलमा पत्रकार सम्मेलन गरी जानकारी दिएको छ । आयोजनाको लुम्बिनी विकास बैंकसँग सम्झौता गरी स्रोत सुनिश्चितता भइसकेको छ ।

भिजन लुम्बिनीका अध्यक्ष जगतहादुर पोखरेलले सामूहिक लगानी, समृद्धिको आधार भएकाले तिनाउमा जलविद्युत् आयोजना निर्माण अघि बढेको बताए ।

आयोजनामा लगानी गर्न पोखरेलले बुटवलवासीलाई आग्रह पनि गरे । हाइड्रोपावर परियोजनाको प्राविधिक पक्ष, वातावरणीय तथा पर्यावरणीय पक्षको काम सकिएको छ । भिजनले कास्कीमा २५ मेगावाटको जलविद्युत् आयोजना निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ ।

भिजनले अहिले १२ वटा ठूलो प्रोजेक्टमा लगानी गरी काम गरिरहेको छ । लिमिटेडका बोर्ड सदस्य राजीव गौतमले महाकाली र कर्णालीमा पनि ठूला हाइड्रोपावर निर्माण गर्न काम अघि बढाउने प्रक्रियामा रहेको बताए ।

साना-साना लगानीकर्तालाई जोडेर भिजन लुम्बिनी कम्पनी स्थापना गरिएको छ । भिजनले अहिले देशका विभिन्न ठाउँमा हाइड्रो, हस्पिटालिटी र आईटी क्षेत्रमा लगानी गरिरहेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्त जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोन:- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com